# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ६ | संख्याः २ | मितिः २०७९/०६/१३ |

## भाग-१

## चन्द्रपुर नगरपालिका

# चन्द्रपुर नगरपालिका

## स्वास्थ्य  सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७९

| | |
|---|---|
| सभाबाट पारित मितिः | २०७९/०५/२४ |
| प्रमाणीकरण मितिः | २०७९/०५/२७ |

# स्वास्थ्य ऐन, २०७९

**प्रस्तावना** : स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन चन्द्रपुर नगरपालिकामा उपलव्ध स्रोत साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क,आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धि अधिकार कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्न,

चन्द्रपुर नगरपालिकाको नगर सभाले यो ऐन बनएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम चन्द्रपुर नगरपालिकाको "स्वास्थ्य ऐन २०७९" रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क)“ऐन” भन्नाले चन्द्रपुर नगरपालिका स्वास्थ्य सेवा ऐन, २०७९ लाई सम्झनु पर्छ ।

(ख)“सङ्घीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले चन्द्रपुर नगरपालिका कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "सहकारी" भन्नाले सहकारी अवधारणा अनुरुप सञ्चालित स्वास्थ्य सेवा प्रदायलाई सम्झनु पर्दछ ।

(च) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उदेश्य राखी सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(छ) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिका गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ञ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, नगरपालिकाबाट स्वीकृति प्राप्त सहकारी, निजी, ट्रष्ट समेतबाट सञ्चालित स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ट) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले चन्द्रपुर नगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी, सहकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ठ) "आकस्मिक उपचार सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ।

(ड) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका दफा ३ को उपदफा (२) बमोजिमका प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(ढ) चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ण) जनस्वास्थ्य सेवा ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ।

(त) जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धि अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(थ) जंक फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा रहेको प्रशोधित खाद्य सामग्री सम्झनुपर्छ ।

(द) तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको प्रावधान सम्झनु पर्छ ।

(ध) निर्देशिका" वा "कार्यविधि" भन्नाले यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनु पर्छ ।

(न) प्रमुख" भन्नाले चन्द्रपुर नगरपालिका प्रमुख सम्झनु पर्छ ।

(न्न) बोर्ड" भन्नाले दफा ४१ बमोजिम गठित स्थानीय जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ।

(प) सरकारी स्वास्थ्य संस्था" भन्नाले चन्द्रपुर नगरपालिका क्षेत्र भित्र नगरपालिका, प्रदेश र संघले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ।

(फ)सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(ब) सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता/स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(भ) स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर सम्झनु पर्छ।

(म) शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य सम्बन्धि शाखा सम्झनुपर्छ।

## परिच्छेदः २
## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक सम्बन्धी व्यवस्थाः

३. **आधारभूत स्वास्थ्य सेवा** : (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त हुनेछ ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ,नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेको मापदण्डमा आधारित रही उपदफा (२) र (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन कार्यपालिकाले गर्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र अवस्था अनुसार अन्य स्वास्थ्य सेवा समेत तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

**४.१ आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः**

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सेवा प्रदायकहरु ४ प्रकारका हुनेछनः

(क) सरकारी वा सामुदायिक सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, स्वास्थ्य चौकी, प्राकृतिक चिकित्सा केन्द्र, व्यायाम केन्द्र, सहरी स्वास्थ्य केन्द्र, आयुर्वेद केन्द्रहरु, सामुदायिक स्वास्थ्य एकाइ, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक, निकाय हुनेछन् ।

(ख) निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेशीहरु व्यायाम केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधीनस्थ ट्रष्ट वा लोककल्याणकी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु, व्यायाम केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछन् ।

(घ) सहकारिताको अवधारणामा सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरु यस अन्तर्गत पर्दछन् ।

४.२ <u>आधारभूत स्वास्थ्य सेवा प्रदायक</u> : (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) गाँउघर क्लिनिक/खोप केन्द्र
(ख) शहरी स्वास्थ्य केन्द्र
(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र
(घ) स्वास्थ्य चौकी
(ङ) रक्त संचार केन्द्र
(च) ट्रमा सेन्टर
(छ) प्राथमिक स्वास्थ्य केन्द्र
(ज) आयुर्वेद औषधालय
(झ) नगर फार्मेसी/अस्पताल फार्मेसी
(ञ) प्राथमिक अस्पताल/नगर अस्पताल
(ट) सामुदायिक अस्पताल

(२) आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले सरकारी, निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ।

**४.३ स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः**
स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड सङ्घीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.४ नगरपालिका स्वास्थ्य शाखा :** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

**५. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार**

(१)नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिनेछ । यस समितिको गठन यस प्रकार हुनेछः

(क)स्वास्थ क्षेत्र हेर्ने कार्यपालिका सदस्य - संयोजक

(ख)नगर सभा सदस्यहरु मध्येबाट १ जना महिलासहित नगर कार्यपलिकाले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्वास्थ्य  क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य  शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्यक्षेत्रभित्रका स्वास्थ्य तथा सरसफाइ योजना तथा नीति निर्माण गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरु नियमित र प्रभावकारी बनाउनका लागि आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।

(ञ) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

६. **<u>स्वास्थ्य संस्था स्थापना र संचालन</u>** : (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(क) नगर अस्पताल/प्राथमिक अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) नगर फार्मेसी/अस्पताल फार्मेसी,

(ङ) नगर क्लिनिक

(च) आयुर्वेद औषधालय

(छ) रक्त संचार केन्द्र

(ज) ट्रमा सेन्टर

(झ) आधारभुत स्वास्थ्य सेवा केन्द्र

(ञ) शहरी स्वास्थ्य प्रवर्धन केन्द्र

(२) उपदफा(१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी नगरपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) कार्यपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा संचालन गर्न स्थानीय आवश्यकता र औचित्यता अनुसार स्वास्थ्य सेवालाई एकिकृत रुपमा संचालन गर्न सक्नेछ।

(५) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त अन्य सेवाको सुनिश्चितता गर्नेछ ।

(६) नगरपालिकाभित्र हरेक सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नेछ।

(७) उपदफा (६) का साथै अन्य आवश्यक औषधिहरु नगरपालिकाले आफ्नै फार्मेसी मार्फत सुपथ मूल्यमा उपलब्ध गराउन सक्नेछ ।

(८) औषधि सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था व्यवस्थापन** : (१) नगरपालिकाको स्वामित्व रहेका अस्पतालको व्यवस्थापनको लागि देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमूख - अध्यक्ष

(ख) स्थानीय प्रतिष्ठित समाजसेवी मध्येवाट अध्यक्षले तोकेको व्यक्ति- उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत १ जना -सदस्य

(घ) अस्पतालमा कार्यरत चिकित्सक र नर्स मध्येवाट अध्यक्षले तोकेको एक जना-सदस्य

(ङ) अस्पताल रहेको वडाको अध्यक्ष- सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख (स्वास्थ्य संयोजक) -सदस्य

(छ) अस्पतालको मेडिकल सुपरिडेन्डेन्ट- सदस्य सचिव

(२) नगरपालिकाको स्वामित्व रहेका अस्पताल बाहेकका अन्य सरकारी स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष- अध्यक्ष

(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति- उपाध्यक्ष

(ग) कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने सदस्य- सदस्य

(घ) सामाजिक /स्वास्थ्य/शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना- सदस्य

(ङ) महिला स्वयं सेविका मध्येवाट १ जना

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(३) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाको व्यवस्थापन समितिमा नगरपालिका प्रमुख/उपप्रमुख संरक्षक रहनेछन।

(५) व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले बमोजिम हुनेछ ।

८. <u>बैंक खाता संचालन :</u>

(१) हरेक स्वास्थ्य संस्थाले एउटा बैंक खाता खोल्न सक्नेछ र त्यस्तो खाता स्वास्थ्य संस्थाको नाममा हुनेछ ।

(२)स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । सदस्य सचिव स्थायी कर्मचारी नभएमा सकेसम्म सोहि स्वास्थ्य वरिष्ठतम स्थायी कर्मचीको दस्तखतमा खाता सञ्चालन गरिनेछ ।

(३)उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

९. <u>स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने :</u> (१) नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ;

(क) अस्पताल(१५ शैयासम्म)

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक,होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(ग) औषधी पसल, फार्मेसी सेवा

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केनद्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केनद्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू

(ङ) पुनर्स्थापना केन्द्र

(च) जरियाट्रिक परामर्श केन्द्र

(ज) प्रयोगशाला("डि र ई" वर्गको)

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धि सेवा

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ।

(४) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकालाई अग्रिम जानकारी गराउनुपर्ने छ।

(५) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि नगरपालिकाले तोकेको प्रकृया बमोजिम अनुमति लिनु/ दर्ता/ सुचिकृत गराउनुपर्नेछ।

(६)इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **दर्ता सिफारिस लिनुपर्ने** : (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई संचालन हुने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% संख्यामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र संचालित स्वास्थ्यसंग सम्वन्धित शिक्षण संस्थाहरू नगरपालिकामा सुचिकृत हुनुपर्नेछ।

**११. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान, ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१)राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२)उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीयस्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३)सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम राजस्व दस्तुर बुझाउनु पर्नेछ ।

**१२. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।**

(१)नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा २५ शैयासम्मको सञ्चालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३)स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(४)उपदफा (३) को आधारमा नगर कार्यपालिकाले ३ महिनाभित्र तोकिएको मापदण्ड पूरा गरेमा यस्तो अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारका आशयपत्र प्रदान गर्नेछ ।

(५)तोकिएको समयसीमाभित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६)उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान सक्नेछ ।

१३. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः

नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने १५ शैयासम्मको अस्पतालहरुमध्ये देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तीमा ३ जना एम.वि.वि.एस डाक्टर, कम्तीमा १ जना मेट्रोनसहित ५ जना नर्सिङ स्टाफ, कम्तीमा १ जना ल्याव टेक्निसियन, १ जना ल्याब असिस्टेन्ट र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्नेछ ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरङ्ग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्यािवन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, आवश्यक अनुसार ट्वाइलेट वाथरुम, एक्सरे कोठा, परामर्श कक्ष, आइसोलेसन वार्ड लगायतको पूर्वाधार हुनुपर्नेछ ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड,

लाइफ सपोर्ट सिष्टम, २४ सै घण्टा विद्युत र खानेपानी सेवा, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ ।

**१४.**पोलिक्लिनिक/क्लिनिक सञ्चालनको अनुमति

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक/क्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिक/क्लिनिक विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालनको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका आधारमा तोकिएको मापदण्ड पूरा गरेका निवेदकहरुलाई पोलिक्लिनिक/क्लिनिक सञ्चालन गर्न नगरपालिकाले स्वीकृती दिन सक्नेछ ।

**१५.**प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालनः

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(१) सञ्चालनको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने प्रमाणित स्थान भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्षे अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्ने इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) जैविक सुक्षाका उपाय तथा प्रयोगशालाबाट निस्काशित हुने फोहोर व्यवस्थापन सम्बन्धी विवरण

**१६.**फार्मेसी सञ्चालनको अनुमति

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा सुलाउनु पर्नेछ ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्नेछ ।

(४) प्राप्त विवरणसहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।

**१७.मापदण्ड पूरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिंदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीका लागि नगरपालिकामा सिफारिस गर्ने सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन/ल्याब असिस्टेन्ट बाहेकका व्यक्तिले रगत, दिशापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउनेदेखि अनुमति खारेज गर्न सकिनेछ ।

## परिच्छेद-४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१८. **गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने** : (१) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पुर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

१९. **अनुगमन गर्ने** : (१) कार्यपालिकाले मापदण्ड अनुरुपको सेवा र पुर्वाधार गुणस्तर कायम गरे नगरेको सन्दर्भमा अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्न स्वास्थ्य सेवासंग सम्बन्धित क्षेत्रमा नेपाल सरकारले तोकेको योग्यता वा अनुभव प्राप्त जनस्वास्थ्य निरिक्षक, सम्बन्धित विषयको योग्यता र ज्ञान भएको विज्ञ समेत सम्मिलित अनुगमन समिति गठन गर्नेछ।

(२) उपदफा(१) बमोजिम गठित अनुगमन समितिले दफा ५ बमोजिम स्थापना भएका र दफा ९ बमोजिम संचालन अनुमति लिई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(३) अनुगमनका लागि विज्ञ सम्मिलित गराउँदा आवश्यकता अनुसार प्रादेशिक तथा संघीय तहका सम्बन्धित क्षेत्रका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(५) शाखाले नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ३ महिनाभित्र नगर कार्यपालिकाले नगर सभामा पेश गरी छलफल गर्नेछ।

२०. **सेवा शुल्क निर्धारण र पुनरावलोकन :** (१) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा(१)को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनेछ । यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

## परिच्छेद-५

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

२१.**स्वास्थ्य पुर्वाधार र मापदण्ड :** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धि भौतिक पूर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गिकरण र प्रचलित स्वास्थ्य पुर्वाधार मापदण्ड बमोजिम नगरपालिकाले न्युनतम पुर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि नगरपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि वार्षिक बजेट छुट्टाउने छ ।

(४) नगरपालिकाले नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

२२. **जनशक्तिको व्यवस्थापन :**(१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य

जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति)

(ख) करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) अभ्यासकर्ता(छात्रवृति प्राप्त गरि अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी)

(घ) स्थानीय स्वास्थ्य अभियानकर्ता/स्वयंसेविका

(२) नगरपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४) नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गर्नेछ।

(६) जनशक्ति व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिमको स्थानीय सेवा ऐन नबनेसम्मका लागि प्रचलित कानुन बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ ।

**२३.** अभियानकर्ता/स्वास्थ्य स्वयमसेविकाको व्यवस्थाः

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयमसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वयमसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम एस.ई.ई वा सो सरह अध्ययन गरेका सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा ३ देखि ९ जनासम्म महिला स्वास्थ्य स्वयसेविकाहरुको र १ जना पुरुष अभियानकर्ताको व्यवस्था गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयमसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी तोके अनुसारको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखिकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वयमसेविकाहरु मध्ये उमेर, स्वास्थ्य अवस्था समेतको आधारमा आफूलाई सेवाबाट अगल हुन निवेदन गरेमा सेवा अवधिका आधारमा प्रोत्साहन भत्ता सहित विदाई

गरिनेछ । तर यस किसिमको सुविधा लाभको पदमा रहेकाहरुको हकमा लागू हुने छैन । साथै नयाँ नियुक्ति गर्दा कम्तीमा एम.ई.ई वा सो सरह उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

२४. स्वास्थ्यकर्मीको सेवा सुविधाः

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछत्त ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको दुई तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता/स्वयमसेविकाः पोसाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक र अन्य प्रोत्साहन भत्ता स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक, दशैं खर्च जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२५. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्तिः

सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । रिक्त दरवन्दी रहेको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछः

(क) चन्द्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना विज्ञ — सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. कर्मचारी सरुवा / तथा काज

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले विशेष परिस्थिति बाहेक न्यूनतम एउटै स्वास्थ्य संस्थामा ३ वर्षे कार्य गरेपछि दरवन्दी भएको ठाउमा मात्र सरुवा हुनेछ ।काजको हकमा दरवन्दी भएको ठाउमा आवश्यकता अनुसार गर्ने छ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेनद दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य शाखाले आफ्नो क्षेत्रभित्रका स्वास्थ्य संस्थामा दरवन्दी भएको ठाउमा सरुवा गर्ने सक्नेछ । दरवन्दी नभएको स्वास्थ्य संस्थामा सरुवा वा काज गर्न पाइने छैन ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिनेछ ।

(४) स्थायी वाहेकका स्वास्थ्यकर्मीको हकमा नगर कार्यपालिकाले आवश्यक ठानेको अवस्थामा कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

**२७.** कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१) नगरपालिकाको प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाइ शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र अन्य प्रमुखले कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौताअनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगर कार्यापालिकामा पेश गर्नुपर्नेछ ।

**२८.** कार्य सम्पादन मूल्याङ्क र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्न कर्मचारीलाई दण्डिय गर्नु पर्दछ ।

## परिच्छेद-६

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण,नियमन

**२९.** वार्षिक खरिद योजना बनाउनु पर्ने ।

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाइ शाखाको सहयोगमा खरिद एकाइको तयार गर्नेछ ।

**३०.**औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१)औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२)औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

३१. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(१)खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले मिलाउनेछ ।

(२)स्वास्थ्य उपकरण र औषधीको खरिद आवश्कता अनुसार चौमासिक रुपमा गर्नुपर्ने छ ।

३२ . **निःशुल्क औषधि** : (१) शाखाले दफा ३ र दफा ४ बमोजिम निःशुल्क औषधि आफू मातहतका स्वास्थ्य संस्था मार्फत वितरण गर्ने छ ।

३३. **नियमन** : (१) नगरपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानुन समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद-७

## स्वस्थ वातावरण / स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा महामारी रोगको सम्बन्धी व्यवस्था

३४. **स्वस्थ वातावरण** : (१) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(२) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि नेपाल सरकारको मापदण्ड अनुसार स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ।

(४) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(५) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(७) फोहोरमैला व्यवस्थापन र सरसफाई सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**३५.** **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन** : (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

**३६.** रोग तथा रोगहरुको अभिलेख राख्नु पर्ने

(१)स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संख्या वा स्वयसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२)कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३)टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३७.** महामारी रोगको रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने

(१)स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२)यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

## परिच्छेद-८

## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

**३८.** **जनस्वास्थ्य निरीक्षण** : (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण

गर्न कार्यपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

३९. <u>**खाद्य तथा पानीको गुणस्तर** </u>: (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ ।

(६) कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण, ओसार पसार तथा बिक्री वितरण सम्बन्धी नगरपालिकाले तोकेको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ । यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ । यसरी जाँच परिक्षण गर्दा निरीक्षकले नेपाल सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ ।

४०. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन** :(१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न कार्यपालिकाले निशेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५) नगरपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(६) विद्यालय, स्वास्थ्य संस्था लगायतका स्थानमा कार्यपालिकाले जंक फुड, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण, प्रचार र उपभोग निषेधित गर्नेछ। निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

४१. **स्थानीय जनस्वास्थ्य बोर्डको गठनः** (१)नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछ ।

(क) नगरपालिका प्रमुख –अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) स्थानीय स्वास्थ्यसंग सम्वन्धित समिति प्रमुख –सदस्य

(ङ) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य -सदस्य

(च) काननु शाखा प्रमुख वा कानुनी सल्लाहकार -सदस्य

(छ) स्थानीय अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मीमध्ये नगरपालिका प्रमुखले तोकेको एक महिला सहित २ जना -सदस्य

(ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना- सदस्य

(झ) स्थानीय स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछः–

(१) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(५) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धि कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) तोकिएबमोजिमको अन्य कार्य गर्ने।

(ख) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप–समिति गठन गर्ने।

(३) बोर्ड(परिषद्) सम्बन्धि अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४२. **<u>स्वास्थ्य सम्वन्धि योजना तर्जुमा र कार्यक्रम संचालन गर्ने</u>** : कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई स्थानीय आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ ।

४३. **<u>समन्वय गर्ने</u>** : राष्ट्रिय तथा प्रादेशिक जनस्वास्थ्य अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुऱ्याउने छ।

**परिच्छेद-९**

## साझेदारी र सहकार्य

४४. **साझेदारी र सहकार्य गर्न सक्ने** : (१) नगरपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत सरकारी, निजी तथा गैरसरकारी संघ-संस्था तथा निकायसंग सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ ।

(३) उपदफा (२)बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासंग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बांडफांड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

४५. **सेवा खरिद सम्झौता गर्न सक्ने** : नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

४६. **विद्यालय स्वास्थ्य सेवा** : (१) नगरपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४७. **घुम्ती शिविर सम्बन्धि व्यवस्था** : (१) स्वास्थ्य सम्बन्धि घुम्ती शिविर वा स्वास्थ्य सम्वन्धि अन्य सेवा तथा कार्यक्रमहरु प्रचलित कानून बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद १०

## प्रेषण र स्वास्थ्य सूचना प्रणाली

४८. **प्रेषण तथा उपचार प्रणाली** : (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने

अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्नेस्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

४९. **तथ्याङ्क संकलन र अभिलेखिकरण** : (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धि विस्तृत तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सरकारी तथा गैरसरकारी र निजी सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४) नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धि सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

(७) नगरपालिकाले आवधिक रूपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ।

५०. **जानकारी दिनुपर्ने** : विरामीलाई आफ्नो उपचार सम्बन्धि सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद- ११

## सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

५१. **सेवाग्राहीको कर्तव्य** : (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाइ पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव लिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

५२. **सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व** : (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

५३. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

५४. **गुनासो व्यवस्थापन**ः कार्यपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्ने छ ।

## परिच्छेद-१२

## दण्ड, जरिवाना र क्षतिपुर्ति

५५. **कसूर गरेको मानिने** : (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐनअन्तर्गतको कसूर गरेको मानिनेछः–

(क) दफा ९ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ५२(२)बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ४९(४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा ३९ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा ४० विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

५६. **<u>जरिवाना</u>** :(१) दफा ५५ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ५५ को उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(३) दण्ड,सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

५७. **<u>क्षतिपुर्ति दिनुपर्ने</u>** : (१) नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

५८. **<u>पुनरावेदन दिन सक्ने</u>** : दफा ५६ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-१३

## <u>आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल</u>

५९. **<u>आकस्मिक सेवाबाट बन्देज नगरिने</u>** :(१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै

पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४) उपदफा(१)को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

६०. **<u>एम्बुलेन्स तथा शववाहन सेवा</u> :** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववहान सेवा संचालन गर्न सक्नेछ।

(२) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहानहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहानहरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ।

(४) नगरपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स तथा शववहान कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

६१. **<u>जनस्वास्थ्य आपतकाल</u> :** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिशमा आफ्नो क्षेत्रभित्रजनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धि जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना

गर्नु सबैको कर्तव्य हुनेछ ।

(६) नगरपालिकाले महामारी र आपतकलिन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

## परिच्छेद १४

## विविध

६२. **पोषण कार्यक्रम संचालन गर्ने :** (१) नगरपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्नेछ ।

(२) नगरपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ।

(३) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ।

६३. **सामाजिक सुरक्षा र स्वास्थ्य वीमा:** (१) नगरपालिका क्षेत्रका सबै वासिन्दालाई कानून बमोजिम अनिवार्य स्वास्थ्य विमामा आवद्ध गराउनु कार्यपालिकाको दायीत्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित निकायसंगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(५) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य लक्षित समुहहरुका लागि कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(६) नगरपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला,बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

६४. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

६५. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने:** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

६६. **<u>अधिकार प्रयोग गर्न सक्ने</u>**ः यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

६७. **<u>प्रचलित कानून वमोजिम हुने</u>**ः यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६८. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>**ः कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

६९. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउन पर्नेः

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न सङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखाले समन्वय गर्नेछ ।

सङ्क्रमणकालीन व्यवस्थाः

७०. यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली अआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

७१. बाधा अड्काउ फुकाउने अधिकारः

यस ऐनको उदेश्य कार्यान्यवयन गर्न बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

७२. बचाउ र लागू नहुनेः

(१)यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२)संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्त्रीय हुनेछ ।

आज्ञाले,

नामः हरिलाल पुरी

प्रमुख प्रशासकीय अधिकृत